श्री

# राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

## इजलास

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री  बासुदेव खनाल**

## फैसला

**२०७९।०८० सालको निर्णय नं. १८६**

**पुनरावेदन नं.  ०७८-RB-०२४४**

**मुद्दाः– सुन भन्सार चोरी पैठारी।**

| | |
|---|---|
| जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं ५ बस्ने नरबहादुर तामाङकोछोरी विवेक योन्जनको श्रीमती वर्ष २६ की राहदानी नं ०८३८९०१६ बाहक पद्मा तामाङ योन्जन...............................................................................१ | पुनरावेदक प्रतिवादी |

## विरुद्ध

| | |
|---|---|
| त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्मा समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार................................................१ | प्रत्यर्थी वादी |

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख भन्सार प्रशासक श्री महेश भट्टराई

शुरु कार्यालयको निर्णय मितिः–२०७९/०२/०५

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री कान्तीराम ढुङ्गाना

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः ×**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाणडौको मिति २०७९/०२/०५ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. मिति २०७६।०१।१९ गते बिहीबारका दिन दिउँसो करिब ४:१५ वजेको समयमा ETIHAD को उडान नं. EY290 बाट UK हुँदै KATHMANDU आएका राहदानी नं. ०८३८९०१६ वाहक नेपालको नागरिक श्री PADMA TAMANG YONJON लाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाकथ्रुमा चेकजाँच गर्ने क्रममा निजको साथमा रहेको हातेझोलामा विभिन्न साइजका जम्मा तौल २३३ (दुईसय तेत्तिस) ग्रामको मूल्य रु.११,८४,५७२।- बराबरको थान ६ (छ) बिभिन्न सुनका गहना आफ्नो हाते झोलामा राखी लुकाई छिपाई राखेको सुन बरामद भएको भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयले मिति २०७६।१।१९ गते तयार पारेको खानतलासी तथा बरामदी मुचुल्का।

२. प्रतिवादी PADMA TAMANG YONJON लाई मिति २०७६।१।१९ गते आवश्यक कारवाहीको लागि खानतलासी तथा बरामदी मुचुल्का, र मानिस सहित त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्मा समेतले त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासक समक्ष पेश गरेको मिति २०७६।१।१९ को प्रतिबेदन।

३. बरामद भएको २३३ ग्राम सुन मेरो साथवाट बरामद भएको हो। उक्त सुन मेरो सधैं लगाउने गरेको सुन हो, मेरो विवाहमा प्राप्त उपहार र अरु समयमा किनेको निजि गहना हो।अरु कसैले पठाएको वा मगाएको होइन, उक्त सुनको भन्सारमा घोषणा गरेको छैन।मेरो श्रीमान बेलायतमा आर्मीमा काम गर्नु हुन्छ र म पनि बेलायतमा पार्टटाईम काम गर्छु।नेपालमा भाईको विवाह हुने भएकाले विवाहमा लगाउनको लागि आफ्नो निजि गहना ल्याएकी हूँ।सुनको गहना ५० ग्राम र चाँदीको गहना ५०० सम्म मात्र ल्याउन पाइने र सो भन्दा बढी ल्याउन नपाइने भन्ने नेपालको कानूनको बारेमा मलाई थाहा

भएन। अनजानवस भएको कार्यलाई एक पटकलाई माफ गरी पाउँ समेत व्यहोराको प्रतिवादी PADMA TAMANG YONJAN ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा मिति २०७६।१।१९ मा गरेको बयान।

४. प्रतिबादीसंग भन्सार ऐन २०६४ को दफा ५७ को १(ग) बमोजिम रु. ११,८४,५७२।- (अक्षेरुपी एघार लाख चौरासी हजार पाँच सय बहत्तर रुपैया ) नगद धरौटी माग गर्ने गरी मिति २०७६।१।१९ मा प्रमुख भन्सार अधिकृतबाट आदेश भएकोमा धरौटी रकम दाखिला गरी निज प्रतिवादी साधारण तारेखमा रहेको।

५. त्रिभुवन विमानस्थल भन्सार कार्यालयका गो.सि.टे बाट सुन नै हो भनी मिति २०७६।०१।१९ मा धातु परीक्षण प्रतिवेदन दिएको र प्रतिवादीले पनि निजबाट बरामद भएको २३३ ग्राम धातु सुन नै हो भन्ने व्यहोरा उल्लेख गरी बयान दिएकोले उक्त बस्तु सुन भएको र तौल २३३ ग्राम रहेको प्रतिबेदन प्राप्त भएको।

६. यसमा प्रतिबादीले अनुसन्धान अधिकृत समक्ष गरेको वयानमा बरामदीत सुन निजको निजि सुन र निजको भाईको विवाहको लागि लगाउन ल्याएको भने पनि  बरामदीत सुनको भन्सार कार्यालयमा घोषणा नगरेको र उक्त सुन बैध हो भन्ने कागजात छैन, पेश गर्न सक्दिन भनी बयानमा खुलाएकोमा निजी प्रयोगका मालबस्तु सम्बन्धमा मिति २०७६।०१।१९ गते देखि लागु हुने गरी अर्थ मन्त्रालयको सुचनाको दफा ७ मा कुनै पनि यात्रुले आफ्नो साथमा ल्याएको मालबस्तु अनिबार्य रुपमा भन्सार कार्यालयमा घोषणा गर्नु पर्ने भन्ने ब्यवस्था रहेकोमा सो सूचनाको प्रतिकुल हुने गरी कुनै कार्य गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुने ब्यवस्था रहेबाट प्रतिबादीले आफ्नो साथमा ल्याएको उल्लेखित परिमाणको सुन भन्सार कार्यालयमा घोषणा नै नगरेको आधार कारण समेतबाट प्रतिबादी पद्मा तामाङ योन्जनको उक्त कार्य भन्सार ऐन, २०६४ को दफा १८(१), दफा ३८ र दफा ५७(१) बमोजिमको कसुरमा बरामदीत सुनको मिति २०७६।१।१९ गते सुनको सुनचादी डिलर एसोसिएसनको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको मूल्य रु. ५,०८४।-को दरले २३३ (दुईसय तेत्तिस) ग्राम सुनको हुने जम्मा मूल्य रु ११,८४,५७२।-( एघार लाख चौरासी हजार पाँच सय बहत्तर रुपैया ) विगो कायम गरी ऐ ऐनको दफा ५७(१ग) बमोजिम बरामदीत सुन जफत हुने र निज प्रतिबादीलाई बिगो बमोजिम जरिवाना र ऐ ऐनको दफा ५७(१ग) को खण्ड (क) बमोजिम सजाय हुन साथै प्रतिबेदकहरुलाई भन्सार नियमावली २०६४ को नियम ४७ बमोजिम पुरस्कार समेत मागदावी गरी मिति २०७६।१।२६ गते पेश भएको अभियोग पत्र ।

७. प्रतिबादी PADMA TAMANG YONJAN ले आफ्नो साथमा ल्याएको सुन भन्सार कार्यालयमा घोषणा नै नगरेको आधार कारण समेतबाट प्रतिबादी पद्मा तामाङ योन्जनको उक्त कार्य

भन्सार ऐन २०६४ को दफा १८(१), दफा ३८ र दफा ५७(१) बमोजिमको कसुर भएकोले बरामदीत सुनको रु.११,८४,५७२।-( एघार लाख चौरासी हजार पाँच सय बहत्तर रुपैयाँ) विगो कायम गरी सोही ऐनको दफा ५७(१ग) बमोजिम बरामदीत सुन जफत हुन्छ र निज प्रतिबादीलाई बिगो बमोजिम रु.११,८४,५७२।-( एघार लाख चौरासी हजार पाँच सय बहत्तर रुपैयाँ) जरिवाना हुन्छ र सोही ऐन को दफा ५७ (१ग) को खण्ड (क) बमोजिम १(एक) दिन कैद हुन्छ भन्ने समेत व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०२।०५ मा भएको निर्णय।

८. म पुनरावेदक नेपाली नागरीक पद्मा तामाङ योन्जनको यात्रा तालिका अनुसार यात्रा आरम्भ गरेको हुँ।मेरो अन्तिम गन्तब्य नेपाल हो।म निवेदिका मिति २०७६।१।१९ गतेको दिन बेलुका ५:१५ बजेको समयमा UK बाट ETIHAD को उडान नं.EY290 हुँदै काठमाण्डौ  आएको हुँ।त्रिभुवन बिमानस्थल आएपश्चात चेक जाँच गर्ने क्रममा मेरो हाते झोलामा रहेको रातो बक्साबाट ६थान जम्मा २३३ ग्राम मूल्य रु.११,८४,५७२।-रुपैया बराबरको सुन सहित मलाई भंसारका कर्मचारीले विना कारण पक्राउ गरेका हुन ।उक्त सुन कसैले मगाएको वा पठाएको होईन।उक्त सुन मैले बेलायत जाँदा पनि नेपालबाट नै लगेको थिए।भाईको विवाहका लागि लगाउन भनी उक्त सुन बोकी हिंडेको हुँ।उक्त सुन मैले नेपालमा नै खरिद गरेको हुँ जसको सक्कल बिल मैले पेश गरिसकेको अवस्था छ। मैले अनुसन्धान अधिकृत समक्ष गरेको बयानको स.ज.१० मा सुनको गहना ५० ग्राम र चाँदीको गहना ५०० ग्राम सम्म मात्र ल्याउन पाउने र सो भन्दा बढी ल्याउन नपाउने बारेमा मलाई थाहा थिएन।बैधानिक यात्रीले हवाई मार्गवाट ल्याएको सर सामान वरामद गरी, दुरासयपुर्ण नियत राखी पुरस्कार पाउने उद्देश्यले गरिएको त्रि.बि.भंसार कार्यालयको गैर कानूनी निर्णय बदर गरी म बाट जफत गरिएको २३३ ग्राम सुन फिर्ता पाउँ र दाखिल गरेको धरौटी वापतको रकम रु.११,८४,५७२।-पुनराबेदकलाई फिर्ता दिलाई भनी भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादीको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७९/०२/२५ मा दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०५/१७ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री कान्तीराम ढुंगानाले प्रतिवादीको अन्तिम गन्तव्य नेपाल रहेको, निज प्रतिवादीले आफ्नो निजी प्रयोगको लागि नेपालमा नै बैधानिक रुपमा किनिएका सुनका गरगहनाहरु त्रिभुवन विमानस्थल भंसार कार्यालयबाट वरामद गरी अवैध घोषणा गरी, दुरासयपुर्ण नियत राखी पुरस्कार पाउने उद्देश्यले शुरु त्रिभुवन बिमानस्थल भंसार कार्यालयबाट गरिएको जरीवाना र कैद सजाय मिलेको नदेखिदा बदर गरी प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने गरी फैसला गरी पाउँ भनी गर्नुभएको बहस वहस समेत सुनियो।

११. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री विकास बन्जाराले प्रतिवादीको साथबाट सुन बरामद भएको तथ्य बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीलाई जरीवाना र कैद सजाय हुने गरी गरेको फैसला कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस  समेत सुनियो।

१२. पुनरावेदक प्रतिवादीको तर्फबाट लिइएको पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा,यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकवाट प्रतिवादीलाई दोषी ठहर गरी भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रतिबादी PADMA TAMANG YONJON ले मिति २०७६।०१।१९ गते UK बाट नेपाल आउदा ल्याएको २३३ ग्राम सुन बरामद भएको मिति २०७६।०१।१९ को मिसिल संलग्न बरामदी/खानतलासी मुचुल्काबाट देखिन्छ।उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदित सुन आफ्नो साथमा रहेको र आफ्नै हो भनी स्वीकार गरेको र ब्याग भित्र रहेको रातो बक्समा लुकाई छिपाई राखेको अवस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा रहेको वाक थ्रुमा चेकजाँच गर्ने क्रममा बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा निजले स्वीकार गरेको देखिन्छ।

विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।८।१५ को सूचनाले राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात गर्न पाउने भन्ने ब्यवस्था गरेको पाइयो। भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७३।०४।०१ गते देखि नेपाल सरकारले लागू गरेको निजी गुण्टा झिटी भारी सम्वन्धी सूचनामा विदेशवाट फर्केका नेपाली यात्रुले ५० ग्राम सम्मका सुनका गहना पूर्ण भन्सार छुट मा ल्याउन पाउने व्यवस्था गरेको भएपनि सोही सूचनाको दफा ७ मा कुनै पनि यात्रुले भन्सारमा घोषणा नगरी कुनै मालसामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकुल हुने गरी कुनै सामान ल्याउन वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ भन्ने ब्यवस्था रहेको देखिन्छ। प्रतिबादी PADMA TAMANG YONJON ले आफ्नो साथमा रहेको सुन भन्सार कार्यालयमा घोषणा समेत गरेको देखिन आएन।

१४. भन्सार ऐन, २०६४ को दफा २(च) मा *"भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ"* भनी परिभाषित *गरेको देखिन्छ। साथै सोही ऐनको दफा १८ (१) मा " मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने "* भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी PADMA TAMANG YONJAN ले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा *कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ।"* भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाट बरामद भएको र निजले आफ्नै हो भनी स्वीकार गरेको ब्याग भित्र रहेको रातो बक्समा लुकाई छिपाई राखेको अबस्थामा बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा निजले पेश गर्न सकेको समेत देखिदैन।

१५. जहाँ सम्म मेरो अन्तिम गन्तव्य नेपाल नै रहेकोले बैध सामानको जाँचपास गराउन नपर्ने हुँदा मेरो हकमा भन्सार ऐन २०६४ को दफा ५७, दफा १८, दफा २(च), (छ), (ड), भन्सार नियमावली,२०६४ को नियम २२ बमोजिमको अनुसुची-३ एवं नेपाल सरकारले मिति २०७३ श्रावण १ गतेदेखि लागु हुने गरी प्रकाशन गरेको निजी गुण्टा

झिटी भारी सम्बन्धी सूचना आकर्षित हुन सक्दैन भन्ने प्रतिवादीको जिकिर छ सो सम्बन्धमा हेर्दा,यी प्रतिवादीलाई त्रिभुवन विमानस्थलको आगमन कक्षमा रहेको वाक थ्रु को एक्सरे मेसिनको क्षेत्रमा चेकजाँच गर्ने क्रममा निजले लुकाई छिपाई राखेको अवस्थामा सुन बरामद भएको र पक्राउ परेको भन्ने मिति २०७६।०१।१९ को वरामदी खानतलासी मुचुल्काबाट देखिएको छ। साथमा रहेको मालवस्तु लिएर नेपालको आगमन कक्षको वाक थ्रु गेटबाट प्रवेश गर्दा निजले भन्सारमा यथार्थ व्यहोरा खुलाई आफ्नो साथमा रहेको मालवस्तुको घोषणा गरी भन्सार अधिकृतले मागेको विल विजक देखाउन पर्नेमा यी प्रतिवादीले सो केही गरेको पनि देखिदैन। मिति २०७६।०१।१९ मा वयान गर्दा वरामद भएको सुन भन्सारमा घोषणा नगरेको कसुरलाई स्वीकार गरेको पाइयो।विदेशबाट नेपाल प्रवेश गरेको व्यक्तिले भन्सार महशुल लाग्ने मालवस्तु भन्सार महशुल नतिरी वा चोरी पैठारी गरी ल्याएको छ भन्ने विश्वास गर्नुपर्ने मनासिव आधार भएमा वा शंका लागेमा भन्सारको जुनसुकै कर्मचारीले त्यस्तो व्यक्तिको तलासी लिन सक्ने गरी भन्सार ऐन २०६४ को दफा ३६ ले अधिकार प्रदान गरेको र कसैको साथबाट भन्सार महशुल लाग्ने मालवस्तु फेला परेमा त्यस्तो वस्तुको निस्सा पेश गर्न लगाउने अधिकार समेत भन्सार अधिकृतलाई सोही ऐनको दफा ३८ ले प्रदान गरेको देखिंदा आगमन कक्षबाट नेपाल प्रवेश गरेकी यी प्रतिवादीलाई तलासी लिएको कार्यलाई वदनियतपूर्वकको वा गैर कानुनी कार्य भन्न मिल्ने पनि देखिएन।यस स्थितीमा प्रतिवादीबाट बरामद भएको २३३ ग्राम सुन प्रतिवादीले भन्सारमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादीबाट आरोपित कसुर भएको मिसिल संलग्न प्रमाणबाट पुष्टी भइरहेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१६. तसर्थ,प्रतिवादी पदमा तामाङ्ग योन्जनलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूरमा सोही ऐनको दफा ५७(१ग) को खण्ड(क) बमोजिम एक दिन कैद र बरामद सुनका गहना जफ्त गरी विगो बमोजिम रु.११,८४,५७२(एघार लाख चौरासी हजार पाँच सय बहत्तर रुपैया मात्र) जरिवाना हुने ठहऱ्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।०२।०५ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः ना.सु.श्री मनिषा अधिकारी
इतिसम्बत २०७९ साल फागुन ११ गते रोज ५ शुभम.............................
फैसला प्रमाणिकरण मितिः-
फैसला गर्ने प्रमाणिकरण लेखा सदस्य -

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप